परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १६५ पृष्ठ ४ २०८० मंसिर २० गते, बुधबार 6 Dec., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



समाचार पृष्ठ ३ मा

अदालतको पक्राउ पूर्जीविरुद्ध

## विप्लवको आन्दोलन घोषणा

## मधेश प्रदेशका सभासदहरुको कृषिमा जोड



• टक नेपाल

जनकपुरधाम । मधेश प्रदेशका सभासदहरुले कृषि पेशालाई मर्यादित बनाउनुपर्नेमा जोड दिएका छन् । मधेश प्रदेश सरकारले ल्याएको प्रदेश कृषि विकास विधेयक २०८० माथि सामान्य छलफलमा सभासदहरुले मूल रुपमा किसानको वर्गीकरण, सिँचाइ, बीउ बिजन र मलखाद् सामान्य रुपमा उपलब्ध गराउन सरकार संग माग गरेका छन् । सभासद संजयकुमार यादवले बालीनालीको मूल्य विधेयकमै तोकिनु पर्ने माग गरे । उनले बालीनालीको मूल्य निर्धारण भएपछि किसानले आफू खुशी खेती गर्न तत्पर हुने बताए । उनले मधेश प्रदेश सरकारले किसानको सूचीकरण गर्ने व्यवस्थाको ठाउँमा वर्गीकरण गर्न सुझाव दिए । उनले कृषि जनगणना हुनु पर्ने माग गर्दै मधेशमा किसानको वर्गीकरण गर्नका लागि सरकारलाई ध्यानाकर्षण गराए । कृषि पेशामा पुरुष भन्दा बढी महिलाहरु सहभागी रहेकाले उनीहरुको स्वास्थ्य वीमा र नियमित चेकजाँच हुनुपर्ने माग गरे । सभासद श्याम प्रसाद पटेलले बाली लगाउनु भन्दा पहिला मूल्य निर्धारण, कृषि बजारको व्यवस्था (थोक, खुद्रा र हाट), रसायनिक मलमा अनुदान र गुणस्तरीय वीउ बिजनको व्यवस्था सरकारले गर्नुपर्ने माग गरेका थिए । उनले बजार व्यवस्थापनको नाउँमा कस्ता बजार स्थापना गर्ने स्पष्ट रुपमा उल्लेख हुनुपर्ने माग गरे । सभासद शत्रुधन प्रसाद सिंहले मधेश प्रदेश सरकारले महत्वपूर्ण विधेयक ल्याएको भन्दै सरकार किसानप्रति उत्तरदायी भएको बताए । उनले विधेयकमा जे जसो भए सरकारले मूलभूत रुपमा किसानका लागि सिँचाई निःशुल्क उपलब्ध गराउनुपर्ने, बीउ बिजन समयमा उपलब्ध हुनुपर्ने र रसायनिक मलमा ५० प्रतिशत सहुलियत दरमा दिनुपर्ने विचार राखेका थिए । सभासद प्रमोदकुमार यादवले पनि किसानको वर्गीकरणमा जोड दिए । उनले किसानको वर्गीकरण नभएका कारण बाठो हरु अनुदानमा अनुदान लिने गरेका छन् तर सही किसानले सरकारबाट दिइने अनुदानबाट वञ्चित हुने गरेको बताए । उनले सरकारलाई जनताको खेतसम्म पानी पुर्याउने, कृषि विद्युतीकरण उपलब्ध गराउन सरकार प्रतिवद्ध हुनुपर्ने बताए । उनले वास्तविक किसान समक्ष राहत नपुगेसम्म यहाँको किसानको अवस्थामा सुधार आउन नसक्ने बताए । सभासद हरिनारायण महतोले सरकारले गरेको किसानको परिभाषामाथि टिप्पणी गर्दै आपति समेत जनाएका थिए । उनले किसान चार प्रकारको भएको बताउँदै भूमिहीन, निम्न स्तरको, मध्यमवर्गीय र जमिन्दार किसान रहेका कारण किसानको परिभाषालाई स्पष्ट गर्न आग्रह गरे । उनले कृषिसंग जोडिएका सवै किसान हुन नसक्ने दाबी गर्दै उखु उत्पादन गर्नेलाई किसान मान्ने कि उखुबाट चिनी बनाउने कारखानाका मालिकलाई किसान मान्ने भन्दै सरकार समक्ष प्रश्न तेर्साएका थिए । उनले प्रदेश सरकारले कृषकका लागि नयाँ योजना ल्याउनुपर्ने र वर्तमान परम्पराले कृषिमा प्रगति हुन नसक्ने बताए। छलफलमा सभासदहरु कुमर कान्त झा, अञ्जना पण्डित, सहिदा खातुन, माला कर्ण, मो. रजि हैदर, रमिता प्रधान लागयतले भाग लिएका थिए । विधेयकमाथिको छलफल जारी रहने र बैठक मंसिर १९ गते १ बजे बस्ने जनाइएको छ ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## आर्थिक सङ्कटमा बर्दीबास खानेपानी




• रवीन्द्र उप्रेती

बर्दीबास । तीन दशकदेखि स्थानीयको तिर्खा मेट्दै आएको खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था बर्दीबासको आर्थिक सङ्कट चुलिँदै गएको छ। उपभोक्ताले महसुल तिर्न अटेर गर्दा खानेपानीको वित्तीय समस्या उत्पन्न भएको हो। खानेपानीका नवनिर्वाचित अध्यक्ष भुलन सेन ठकुरीका अनुसार उपभोक्ताको घरसम्म पानी आपूर्ति गर्न संस्थाले मासिक १२ लाखभन्दा बढी खर्च गर्नु पर्छ। रकम अभावले सफाइ गर्न नसक्दा केही पानी ट्याङ्की उपयोगमा आउन सकेका छैनन्। बक्यौता नउठ्दा विष्ट टोलमुनिका पानी ट्याङ्कीमा विद्युतीकरण गर्न सकिएको छैन। त्यसका लागि प्राधिकरणले ४० लाख रुपियाँको स्टिमेट दिएको छ। उहाँले डिजल पम्पबाट पानी आपूर्ति गर्दा मासिक छ लाख रुपियाँभन्दा बढीको इन्धन खर्च गर्नु परेको बताउनुभयो। अध्यक्ष ठकुरी भन्नुहुन्छ, “महसुल नउठे हामीले जनताको तिर्खा कसरी मेट्ने ?” संस्थाको पछिल्लो तथ्याङ्क अनुसार चालु आवको पहिलो चौमासिकसम्म दुई करोड १४ लाख रुपियाँ असुलउपर हुन सकेको छैन। यसमध्ये ५० हजारभन्दा बढी बक्यौता राख्ने उपभोक्ताको सङ्ख्या ८५ जना पुगिसकेको छ। पानी उपभोग गर्ने तर महसुल तिर्न अटेर गर्नेमा सेवा प्रदायक संस्था तथा कार्यालय पनि छन् । यसरी बढी बक्यौता राख्नेमा सात वटा गैरसरकारी संस्था, छ वटा होटल, दुई वटा निजी अस्पताल, दुई वटा सरकारी कार्यालय र दुई वटा विद्यालयसमेत रहेको बर्दीबास खानेपानी कार्यालयले जनाएको छ। कार्यालयका व्यवस्थापक विदुर भट्टराईका अनुसार बक्यौता रकम १४६ महिना अर्थात् १२ वर्षभन्दा बढी समयदेखिको हो। खानेपानीको विधानमा उपभोक्ताले हरेक महिना महसुल बुझाउनुपर्ने अनिवार्य व्यवस्था छ। समयमा महसुल नतिर्ने उपभोक्ताको धारा काट्नेसम्मको कार्यसमितिलाई अधिकार छ। यसको बाबजुद पनि अटेरी उपभोक्तालाई १२ वर्षदेखि कसरी पानी उपभोग गर्न दिइयो ? आमउपभोक्ताले छानबिनको माग उठाउँदै आएका छन्। “कतिपय उपभोक्ताले त आव २०६७/६८ देखि नै महसुल तिरेको देखिँदैन,” भट्टराईले भन्नुभयो। समयमा महसुल नतिर्नु आर्थिक अपराधसमेत हो। तिनका धारा पनि नकाटिनु यहाँ अचम्मको विषय बनेको छ। यसबिच खानेपानी संस्थामा तीन वटा कार्यसमिति निर्वाचित भएर आए। त्यसमध्ये अघिल्ला कार्यसमितिले बक्यौता असुल नगर्दा संस्थाले आर्थिक भार झेल्नु परेको खानेपानीका कोषाध्यक्ष शङ्कर फुयाँलको भनाइ छ।

बाँकी पृष्ठ ३ मा






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# नेतृत्वको कारण व्यवस्थालाई दोष

दोस्रो जनआन्दोलनको उपलब्धिका रुपमा संविधानले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समानुपातिक समावेशी शासन व्यवस्थालाई संस्थागत गरेको हो । यसलाई संविधानको मौलिक एवं विशिष्ट मूल्य र संरचनाका रूपमा लिइन्छ । अहिले यो व्यवस्था उल्ट्याउन प्रयासरत वा मन नपराउने शक्तिहरुले मात्र नभई स्वयं यसका पक्षधरहरुले समेत जनआन्दोलनका उपलब्धिहरु संकटमा पर्न थालेको बताउँदै आएका छन् । जे जसको कारणले भए पनि व्यवस्था खतरामा छ भन्ने भाष्य अहिले निर्माण भइरहेको छ । संविधानले परिकल्पना गरेको शासकीय व्यवस्थाको अभ्यास बलियो नहुँदै यस्तो भाष्य निर्माण हुनु दुर्भाग्य त हो नै, तर त्यसभन्दा पनि यसका सञ्चालकहरुले समेत त्यस किसिमको भाष्य बनाउन प्रश्रय दिइरहनुले विरोधीहरुलाई उल्टै प्रोत्साहित गरिरहेको अवस्था भने झन् विडम्बनापूर्ण छ । संविधान जारी गर्ने मुख्य शक्तिहरुले आफ्नो शासकीय असफलता लुकाउने हेतुले जनताको आँखामा छारो हाल्नको लागि मात्र संविधानका उपलब्धि खतरामा परेको भाष्य निर्माण गरिरहेको हो भने त्यो देश र जनताको लागि प्रत्युत्पादक साबित हुनेछ । यसले राजनीतिप्रतिको लोकआस्थालाई संकट छ भन्ने देखाउँछ । संविधान जारी भएको केही वर्ष नबित्दै समावेशी समानुपातिक प्रणालीको अभ्यासलाई विकृत, भ्रष्ट बनाएको त्यसका विरोधीहरुले नभई स्वयं यसका पक्षधर राजनीतिक दलहरुले नै हो । प्रदेशलाई सार्वभौमसत्ता सम्पन्न जनताको शक्तिको अभ्यास, बलियो अभ्यासभन्दा पनि पञ्चायती विकास क्षेत्रको अवधारणाको सेरोफेरोमा बुझ्ने र संरचना बनाउने अनि त्यसलाई जनतालाई अनुभूत गर्न नसक्ने बनाउने ती शक्तिहरु नै हुन् । सनातनी धर्मको रक्षा नै धर्मनिरपेक्ष भन्ने विश्वमा कहीँ नभएको परिभाषा संविधानमा घुसाएको आखिर यी दलहरुले नै हो । परस्पर विरोधी अवधारणा विद्यमान भएको अवस्थामा सत्ताका शासकहरुले आचरण र शासकीय अभ्यासले त्यसलाई स्पष्ट पार्दै, क्रमशः व्यवस्था अनुकूल शासकीय संस्कार र संरचनालाई बलियो बनाउँदै लगेको जनताले अनुभूत गर्न सकेनन् । नेतृत्वको कमजोरी, भ्रष्ट आचरण र सुशासनको अभावको दोष त्यसका विरोधी खेमाले व्यवस्थामाथि लगाउँदै गर्दा राजनीतिक दलहरुले आत्मसमीक्षा गरेर अघि बढ्नुको साटो त्यसलाई मलजल गर्ने अभिव्यक्ति र व्यवहार देखाइरहेका छन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले धर्मनिरपेक्षतामाथि बहस गर्न सकिन्छ भनी सार्वजनिक अभिव्यक्ति दिनु यसको एउटा उदाहरण हो । समानुपातिक प्रतिनिधित्वबारे पुनर्विचार गर्नुपर्नेमा कांग्रेस र एमालेको करिब समान धारणा सुनिन्छ । अनि व्यवस्था खतरामा छ भनेर स्वयं मुलुकको कार्यकारी प्रमुखले दोहोर्‍याइरहेका छन् । राजनीतिक दलको मनस्थिति, आचरण र अभिव्यक्ति यस्तै रहिरहेसम्म दुर्गा प्रसाईंजस्ता पात्रहरु जन्माउन र अनेक राजनीतिक प्रचारबाजी गर्न सघाइरहने निश्चित छ । राजनीति फोहोरी खेलको अखडा बनेपछि यस्ता कर्म-कुकर्म नौला हुँदैनन्, नियमित हुन्छन्, भइरहेका छन् । संविधानले गणतन्त्र, संघीयतालगायत कुनै पनि कुरालाई असंशोधनीय भनेको छैन । संविधानद्वारा निर्धारित प्रक्रियाबाट राजसंस्था र हिन्दु राज्य पनि पुनः स्थापित गर्न सकिन्छ ।

# कवाडी संकलन गर्ने सर्लाहीका राजिनन्द, स्वतन्त्र उम्मेदवार बन्ने सपना बुन्दै

• अनित आचार्य



काठमाडौं । काठमाडौं सपनाको सहर हो । सपना पुरा गर्न मानिसहरू घरको आँगन छोड्छन् । सर्लाही बलरा ३ का राजिनन्द यादव पनि एउटा सपना बोकेर पाँच वर्षअघि काठमाडौं छिरे । सपनालाई आकार दिन गाउँबाट सहर छिर्दा उनले सोचेका थिए- यहाँ सानो तिनो काम गर्छु र त्यसैबाट परिवार धान्छु। तर, सहरमा उनले सोचेजस्तो भएन्। सहर उनले चिताए भन्दा फरक पाए। जीवनलाई संघर्ष र यात्रा रहेछ भन्ने बुझे । उनलाई यहाँको भोगाइले धेरै कुरा सिकायो । भोग्नु पनि सिक्नु हो । उनी काठमाडौं खाल्डो पस्दा शून्य थिए । अहिले भने उनको दिमाग धेरैले थोकले भरिएको छ । मगज बोझले थिच्चिएको छ । अहिले उनले सुरुवातीको काठमाडौं पाउँदैनन् । काठमाडौं टेक्दा जुन स्वरुप पाए त्यो बदलिँदै गएको छ। काठमाडौंको पुरानो सडक, गल्ली र बजारलाई पाउँदैनन्। काठमाडौं बदलिए जस्तै उनको पनि जीवन र दैनिकी बदलिएको छ । काठमाडौंका गल्ली, सडक र नेतृत्व पनि बदलियो । राजिनन्दको जीवनमा बदलाव आइसकेको छ । उनलाई काठमाडौंका गल्ली- गल्लीमा हिड्न साइकलले साथ दिएको छ । साइकलको पछाडि बोरा राख्छन् । उनको दैनिकी गल्लीमा कवाडी खोज्दै बित्छ । १२ घण्टाको समय गल्ली- गल्लीमा कवाडी खोज्दै बित्ने गरेको यादव बताउँछन् । प्लाष्टिकका बोतल,भाँडाकुडा, फलाम र पुराना-पुराना इलेक्ट्रोनिक्स सामान उनको खोजीमा पर्छन् । दिनभर खोजेका सामग्री कवाडी भण्डार केन्द्रमा लैजान्छन् । कुनै दिन पाँच सय रुपैयाँ पनि कमाइ नहुने हो कि भनेर उनलाई चिन्ताले सताउने गर्छ । 'घुम्नका लागि काठमाडौं आएको थिए। आफन्त यतै भएकाले कवाडी संकलनको काम गर्न थाले,' उनले भने,' घुम्ने र मिलेमा कवाडी पसल राख्ने सोच पनि मनमा राखेको थिए । पसल नराखे पनि कवाडीको काम गरिरहको छु ।' नक्साल, कमलपोखरी, दरबारमार्ग र बागबजार उनको क्षेत्र हो । कोही बेला बिहानभरी घुम्दा पनि सामग्री नभेटेको तीतो अनुभव उनीसँग छ। बिहानै बाहिर निस्कँदा सामान पाउँदा आफूलाई काम गर्न जाँगर चल्ने यादवले बताए । 'घरमा बिहानै देखि सफाइ गर्ने मानिसहरू निस्के भने हामीले सामान भेट्ने गरेका छौ,' उनी भन्छन्,' धेरै जसो सामान पुस्तक पसल र इलेक्ट्रिक पसलबाट पाउने गरेका छौ ।' कवाडी संकलन गरेर राजिनन्दले दैनिक ५ सयदेखि २ हजार कमाइ गर्छन् । उनको मासिक ३० हजारसम्म बचत हुने गरेको छ । उनी कवाडी मात्र संकलन गर्दैनन् । काठमाडौंको संस्कृति र मानिसका मनहरू पनि पढ्ने गर्छन् । काठमाडौंले उनलाई गरेको विश्वास सबैभन्दा धेरै मनपर्छ । काम गर्न र सम्मानसाथ बाँच्न पाएको अनुभव उनले सुनाए । यहाँ आएपछि जीवन संघर्ष र यात्रा रहेछ भन्ने उनले बुझेका छन् । 'यहाँका मानिसले हामीलाई विश्वास र सम्मान गरेर काम गर्न पाएको जस्तो लाग्छ,' उनले दरबारमार्गको सडकपेटीमा साइकल अड्याउँदै भने,' यहाँ पाउने धेरै कुराहरू तराईमा पाउन सकेका छैनौ । हाम्रोमा अझै पनि मानिसले विश्वास गर्ने चलन छैन । ' २२ वर्षीय राजिनन्दले कक्षा १० बाटै पढाइको बिट मारेका छन् । तराईको गर्मीले जसरी पोल्छ । उनको जीवन परिवारलाई पनि अशिक्षा र गरिबीले पोल्यो। उनको स्कुले पढाइ पनि गरिबीकै कारणले पूर्ण विराम लगायो। पढाइलाई निरन्तरता दिन मन हुँदाहुँदै पनि पुरा गर्न नसकेको उनले बाध्यता खुलाए । उनले स्वदेशमै कवाडी सम्बन्धी व्यवसाय गर्ने सोच बनाएका छन् । ' काठमाडौंमा धेरै कवाडी पाइने भएकाले यतै कवाडी संकलन केन्द्र खोलुम भनेर योजना बनाएको छु,' उनले सुनाए । उनी काठमाडौं महानगरपालिकाले कवाडी व्यवसायीलाई कस्तो व्यवहार गर्छ त्यसको प्रतिक्षामा छन् । महानगरले कवाडी व्यवसाय, साना- साना व्यवसायीलाई गरेको व्यवहार पनि उनले नजिकबाट नियालिरहेका छन् । 'एक जनालाई नराम्रो गर्दा सय जनालाई राम्रो हुन्छ भने हामीले सबैलाई राम्रो र समर्थन गर्नुपर्छ,' मेयर बालेन शाहले गरेको कामलाई मौन समर्थन गर्दै भन्छन्,' महानगर राम्रो भएमा हामी जस्तो मानिसलाई काम गर्न राम्रो हुन्छ भनेर आशा गरेको छु। काम गरेर खानेको लागि यहाँ राम्रो वातावरण बन्छ भन्ने आशा गरेको छु। ' राजिनन्दका गाउँका धेरै युवा साथीहरू वैदेशिक रोजगारीमा छन् । उनलाई साथीहरूले विदेश आउन भनेर अनुरोध गरे । साथीका कुराहरू सुनेर पनि नसुने झै गर्दै आएका छन् । उनले वैदेशिक रोजगारी नजाने र यतै आफ्नो काम गर्ने योजना बनाएका छन्। मधेशका राजिनन्दले बागमती प्रदेशमा बसेर राजनीतिमा पनि चासो राख्ने गरेका छन् । उनले बागमतीको सिकाइ मधेशमा लागु गर्ने उदेश्य राखेका छन् । काठमाडौंमा आफैँबाट मधेशको प्रतिनिधित्व छ भनेर उनले बुझाइरहेका छन् । उनले यहाँको माहोल देखेर र बसेर पनि स्वतन्त्र उम्मेदवार बन्न पाइने जानिसकेका छन् । आगामी स्थानीय निर्वाचनमा गाउँमै गएर उनले स्वतन्त्र उम्मेदवार बन्ने सोच पालेका छन् । 'स्वतन्त्र उम्मेदवार बनेर वडाअध्यक्ष बन्ने सपना बनाएको छु,' मेयर बालेनले स्वतन्त्र उम्मेदवार बनेर विजयी भएपछि को त्यो क्षण सम्झदै भन्छन्,' आफ्नो गाउँ र वडाको विकास, शिक्षा र स्वास्थ्यको विकास गर्नका लागि भएपनि म उम्मेदवार बन्नेछु ।' गुणस्तरीय शिक्षा, सुन्दर सहर र सबैलाई स्वास्थ्यको पहुँचमा पुर्‍याउने सोचाइ राखेर उम्मेदवारीको तयारी गरिरहेका छन्। एक जना राम्रो उम्मेदवार विजयी भएपछि के-के सम्म गर्न सक्छन भन्ने काठमाडौंबाट सिकेको उनको भनाइ छ। गाउँका स्थानीय र साथीहरूबाट पनि राम्रो सल्लाह पाइरहेको उनी बताउँछन्। स्वतन्त्र उम्मेदवारबाट विजयी भएका मेयर बालेनले कवाडी व्यवसायीलाई काम गर्ने वातावरण बनाइदिए अझ राम्रो हुने राजिनन्दले बताए ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। | तुला | आयस्रोत राम्रो हुनाले रकम सञ्चय हुनेछ। |
| बृष | फाइदा मात्र हेर्दा आलोचित भइनेछ। | वृश्चिक | समय केही असहज बन्नाले सामान्य कामलाई पनि धेरै मिहिनेत गर्नुपर्ला। |
| मिथुन | मिहिनेत गर्दा उद्योग र व्यापारमा फाइदा उठाउन सकिनेछ। | धनु | विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ। |
| कर्कट | अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। | मकर | परिबन्धले समस्या निम्त्याउन सक्छ। |
| सिंह | कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। | कुम्भ | व्यवहारमा मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। |
| कन्या | भैपरी आउने समस्याले फजुल खर्च बढाउन सक्छ। | मीन | अवसर प्राप्त भए पनि फजुल खर्चले समस्या निम्त्याउन सक्छ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# राष्ट्र बैंकको एक वर्षको नाफा ८७ अर्ब ६० करोड, २५ अर्ब सरकारलाई दिने




• टक नेपाल

काठमाडौं । नेपाल राष्ट्र बैंकले गत आर्थिक वर्षको मुनाफाबाट नेपाल सरकारलाई २५ अर्ब दिने भएको छ । आर्थिक वर्ष (आव) २०७९/८० को बाह्य लेखापरीक्षकबाट लेखापरीक्षण भएको वार्षिक प्रतिवेदन सञ्चालक समितिको बैठकले पारित गर्दै उक्त निर्णय गरेको हो। बैठकले बैंकको खुद मुनाफाबाट विभिन्न आवश्यक कोषहरुमा छुट्ट्याउनु पर्ने रकम विनियोजन गरी बाँकी बचत रकम २५ अर्ब नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ । गत आर्थिक वर्षमा ८७ अर्ब ६० करोड ३७ लाख ४५ हजार नाफा कमाएको राष्ट्र बैंकले विभिन्न कोषमा रकम छुट्याएर २५ अर्ब रुपैयाँ नेपाल सकार लाई हस्तान्तरण गर्ने भएको हो। आर्थिक वर्ष २०७८/७९ मा ६१ अर्ब ९८ करोड ७ लाख १३ हजार नाफा कमाएकोमा गत आर्थिक वर्षमा केन्द्रीय बैंकको नाफा पनि बढेको हो । आर्थिक वर्ष २०७९/८० मा नेपाल राष्ट्र बैंकको जम्मा खुद सञ्चालन आम्दानी अघिल्लो वर्षको तुलनामा ८६.५७ प्रतिशतले वृद्धि भई ६६ अर्ब ९२ करोड ७१ लाख ३३ हजार कायम भएको छ । अब २०७८/७९ मा यस्तो आम्दानी ३५ अर्ब ८७ करोड २१ लाख ४७८ हजार थियो । राष्ट्र बैंकको खुद सञ्चालन आम्दानीमा खुद ब्याज आम्दानीको अंश ९३.४९ प्रतिशत, विदेशी विनिमय खरिद बिक्रीबाट आम्दानी ३.६३ प्रतिशत र अन्य सञ्चालन आम्दानीको अंश २.८८ प्रतिशत रहेको छ । खुद ब्याज आम्दानी अघिल्लो वर्षको तुलनामा ८६.०९ प्रतिशतले वृद्धि भई ६२ अर्ब ५७ करोड २५ लाख ४८ हजार कायम भएको छ । विदेशी विनिमय खरिद बिक्रीबाट हुने आम्दानी १९.७६ प्रतिशतले वृद्धि भई २ अर्ब ४३ करोड २६ लाख कायम भएको छ । त्यसैगरी, अन्य आम्दानी १ अर्व ९२ करोड १९ लाख ८३ हजार कायम भएको छ । आर्थिक वर्ष २०७९/८० को विदेशी विनिमय तथा अन्य सम्पत्ति पुनर्मूल्यांकन लाभ/हानि समायोजन अघिको खुद आय अघिल्लो वर्षको तुलनामा ११२.८१ प्रतिशतले वृद्धि भई ६० अर्ब ४८ करोड २४ लाख ०१ हजार कायम भएको छ । यस्तो खुद आय आर्थिक वर्ष २०७८/७९ मा २८ अर्ब ४२ करोड ७ लाख ६८ हजार रहेको थियो । विदेशी विनिमय पुनर्मूल्यांकन लाभ १० अर्ब ९० लाख २९ हजार र सुन-चाँदीको पुनर्मूल्यांकन लाभ १७ अर्ब ११ करोड २३ लाख १५ हजार सहित कुल नाफा ८७ अर्ब ६० करोड ३७ लाख ४५ हजार पुगेको केन्द्रीय बैकले जनाएको छ ।

## अदालतको पक्राउ पूर्जीविरुद्ध विप्लवको आन्दोलन घोषणा

• टक नेपाल




काठमाडौं । चन्द्र विक्रम विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले महासचिवलगायतका नेताहरुलाई पक्राउ पुर्जी जारी गरेपछि आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । मंगलबार एक विज्ञप्ति जारी गर्दै तीन दिने आन्दोलनको कार्यक्रम घोषणा गरेको हो । पक्राउ पुर्जीविरुद्ध मंगलबार साँझ साढे ५ बजे मशाल जुलुस, २० गते दिनको ३ बजे न्यायाधीशको पुत्ला दहन र मंसिर २१ गते २ बजे देशव्यापी जनप्रदर्शनको कार्यक्रम घोषणा गरेको छ । काठमाडौं जिल्ला अदालतले २०७६ साल पुसको मुद्दा व्यूताएर सोमबार नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव सी, प्रवक्ता प्रकाण्ड सी, पीवीएम माइला सी लगायतका नाममा पक्राउ पुर्जी जारी गरेको थियो । अदालतको उक्त आदेश २०७७ साल फागुन २१ गते सम्पन्न ३ बुँदे सहमतिको ठाडो उल्लङ्घन मात्र नभई देशका समस्यालाई शान्तिपूर्ण तरिकाले निकास दिन भइरहेका गम्भीर पहलमाथिको विध्वंसात्मक हमला भएको नेकपाको ठहर छ । राज्यको जिम्मेवार निकाय अदालतमा बसेको न्यायधीशले प्रदर्शन गरेको यस्तो गैरकानूनी, असभ्य एवं अराजक कार्यको भर्त्सना गरेको छ । साथै यस्तावितण्डावादी कार्य रोक्न माग गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'आम नागरिकलाई थाहा छ कि प्रतिबन्ध हटाउदा राज्यसँग गरिएको ३ बुँदे सहमति मध्य एउटा बुँदा पार्टी नेता कार्यकर्ता माथि लगाइएका मुद्दा फिर्ता लिने र बन्दी कमरेडहरुलाई मुक्त गर्ने छ । राज्यका सहमतिलाई कानूनको अंग बनाएर समस्याहरुलाई समाधान गर्न मद्दत गर्नु पर्ने मुख्य अङ्ग अदालतले नै गैर कानूनी कदम चाल्नु भनेको देशमा शान्ति भाड्न अदालत र न्यायधीस नै सक्रिय बनेको त होइन भन्ने आशंका पैदा भएको छ ।' अदालतको गैरजिम्मेवार कार्यप्रति सरकार, राजनैतिक दलहरु, बुद्धिजीवी, मानवधिकार वादी, युवा विद्यार्थी, श्रमिक जनताको ध्यान पुयाउन साथै ३ बुंदे सहमतिलाई यथासिघ्र लागु गर्न, मुद्दाहरु खारेज गर्न र बन्दी कमरेडहरु मुक्त गर्न सरकार गम्भीर बन्न आग्रह गरेको छ ।

## टिकटक प्रतिबन्ध विरुद्धका रिट 'हेर्न नभ्याइने'

• टक नेपाल




काठमाडौं । सामाजिक सञ्जाल टिकटकमा प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेको रिटहरु 'हेर्न नभ्याइने'मा परेका छन्। सर्वोच्चले १४ रिटमाथि अन्तरिम आदेश जारी गर्ने कि नगर्ने भन्ने विषय छलफल गर्न मंगलबार दुवै पक्षलाई बोलाएको थियो। न्यायाधीशहरु सुष्मालता माथेमा र विनोद शर्माको इजलासमा पेशी तोकिए पनि 'हेर्न नभ्याइने'मा परेको सर्वोच्च प्रशासनले जनाएको छ। न्यायाधीश विनोद शर्माको इजलासले मंसिर ५ गते कारण देखाऊ आदेश जारी गर्दै मंसिर १५ भित्र टिकटक बन्द गर्नुको कारणसहितको लिखित जवाफ पेस गर्न आदेश गरेको थियो। एकल इजलासले निवेदकहरूले माग गरेबमोजिम अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दै त्यसबारे निर्णय लिन मंगलबार पेशी तोकिए पनि हेर्न नभ्याइने मा परेको हो। गत कात्तिक २७ गते बसेको मन्त्रिपरिषद्को बैठकले टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो।

## आर्थिक सङ्कटमा बर्दीबास..........................

उहाँले वर्तमान कार्यसमिति निर्वाचित भएर आएदेखि संस्थामा व्याप्त बेथिति निराकरण गर्दै बाँकी बक्यौता असुल गर्न प्रक्रिया सुरु गरिएको बताउनुभयो। नयाँ कार्यसमितिले १५ दिने र सात दिने सूचना जारी गरी वैशाखदेखि बक्यौता रकम बुझाउन ताकिता गरिसकेको छ। यसको पनि सुनुवाइ नभएपछि त्यस्ता उपभोक्ताको धारा नै काट्ने निर्णय गरेको उहाँले बताउनुभयो। खानेपानीको वडा नं १, २, ३ र १४ मा गरी पाँच हजार पाँच सय उपभोक्ता छन्। यी उपभोक्ताले पानी उपभोग गरेबापत न्यूनतम महसुल मासिक ८० रुपियाँ मात्र छ। खानेपानीको हकमा यो मुलुकमै सबैभन्दा न्यून महसुल भएको समितिको दाबी छ। संस्थाले ८० रुपियाँबापत उपभोक्तालाई महिनाको १० हजार लिटर पानी उपलब्ध गराउँछ। बढी उपभोग गरे थप तिर्नु पर्छ। नयाँ कार्यसमितिले गएको दसैंदेखि छठसम्म एक महिनाका लागि पानीको सबै महसुल छुट गरेर उपभोक्तालाई पहिलो पटक बोनसको लाभसमेत दिएको छ। अध्यक्ष ठाकुर प्रतिमहिना पानीको न्यूनतम सिलिङ १० हजार बाट बढाएर १५ हजार लिटर गर्न र यसका लागि उपभोक्ताले पानीको सदुपयोग र नियमित महसुल बुझाउन आग्रह गर्नुहुन्छ।






# महिला राष्टिय क्रिकेटर पूजा महतो नगदसहित सम्मानित



• टक नेपाल

गौशाला । महिला राष्टिय क्रिकेटर पूजा महतोलाई गौशालाका युवाहरुले सम्मान गरेका छन् । सोमबार दुर्गा मन्दिरको प्रागणमा आयोजित एक कार्यक्रमकाबीत गौशालाका युवाहरु नगद १२ हजार ५ सय रुपैयाँ सहित सम्मान गरिएको हो। युवा व्यवसायी ईन्दल राउत र स्थानिय संचारकर्मी दिनेश महतोले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रमकाबीच उनलाई स्थानिय खेलप्रेमीहरुले सम्मान गरिएको हो ।

**गौशाला एकेडेमी संचालन**

गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोले कुलत अनि गलत प्रवृतिबाट युवाहरुलाई जोगाउनका लागि खेलकुद एकमात्र उपाय रहेको धारणा राखेका छन् । मेयर महतोले पछिल्लो समयमा आएर युवाहरु गलतप्रवृति अपनाएको प्रति आपति जनाएका छन् । उनले अगामी आर्थिकबर्षदेखि गौशाला क्रिकेट एकेडेमी नगर पालिकाले संचालन गरिने प्रतिवद्धता जनाएका छन् । जहाँबाट एक कुशल खेलाडी उत्पादन गरिने मेयर डा मेयरले बताएका छन् । कार्यक्रमकाबीच विभिन्न व्यक्तिहरुले युवा र खेलाडीको सम्बन्धमा चर्चा परिचर्चा गरेका थिए ।

# इ-सेवा कर्मचारी हुँ भन्दै ओटीपी मागेर ७३ जनाको खाताबाट पैसा चोरियो, ८५ जनालाई प्रतिवादी कायम

e-Sewa MONEY TRANSFER

• टक नेपाल

काठमाडौं । आफूलाई इसेवाको कर्मचारी बताएर ओटीपी नम्बर माग्दै खाताको पैसा झिक्ने गिरोहविरुद्ध काठमाडौं जिल्ला अदालतमा अभियोग पत्र दायर भएको छ । काठमाडौं प्रहरी परिसरको अनुसन्धानपछि काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयले ८५ जनालाई प्रतिवादी कायम गरेर अभियोग पत्र दायर गरेको छ । ७३ जनाले ओटिपी नम्बर मागेर आफ्नो खाताबाट पैसा चोरी भएको भन्दै प्रहरीमा जाहेरी दिएका थिए । पिडितसँग ओटिपी नम्बर माग्दा प्रयोग भएको मोबाइल नम्बर र खाताबाट पैसा ट्रान्सफर गरी जम्मा भएको खाताका आधारमा प्रतिवादी कायम गरिएको छ । रौतहटको गौरका २५ वर्षीय नवनित कुमार कुशवाह, २१ वर्षीय रिकेशकुमार कुशवाहा, २१ वर्षीय कन्है याकुमार कुशवाहासहितको व्यक्तिले आफूलाई इसेवाको कर्मचारी बताएर विभिन्न बहाना बनाएर ओटिपी मागेको र त्यसपछि खाताबाट पैसा चोरी भएको भन्दै जाहेर वालाले उजुरी गरेका थिए । प्रहरीका अनुसार पीडितको खाताबाट कुल ४९ लाख १६ हजार ४ सय ३३ रुपैयाँ गिरोहले ट्रान्सफर गरेर अन्य खातामा पठाएको पाइएको छ । प्रतिवादी बनाइएकामा पूर्व झापादेखि पश्चिम कन्चनपुरसम्मका व्यक्ति छन्। प्रतिवादी बनाइएकामध्ये ३ जना पक्राउ परेका छन् भने ८२ जनालाई फरार कायम गरिएको छ ।

# नेपालमा दर्ताका लागि टिकटकले गर्‍यो पत्राचार

• टक नेपाल

काठमाडौं । नेपालमा दर्ताका लागि टिकटकले पत्राचार गरेको छ । नेपाल सरकारले टिकटकलाई प्रतिबन्ध लगाए पछि औपचारिक रुपमै दर्ता हुन टिकटकले इमेल गरेको हो । सरकारले सरकारले सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्ने निर्देशिका २०८० जारी गरेपछि नेपालमा दर्ता प्रक्रियामा अनुसार टिकटकले इमेल गरेको सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले जानकारी दिए । उनले भने, 'हामीले सामाजिक सञ्जालहरुलाई




दर्ता प्रक्रियामा आउन भने पछि टिकटकले पनि इमेल गरेको छ । तर, सरकारले नै बन्द गरेको टिकटक दर्ता हुने कुरा भएन ।' हाल टिकटक बन्दको विरुद्धमा अदालतमा मुद्दा विचारधीन रहेको छ ।

# चार महिनामा ८६ लाख राजस्व असुली

• टक नेपाल



बारा । चालु आर्थिक वर्ष ०८०/०८१ को चार महिनामा विभिन्न सवारीसाधनले नियम उल्लङ्घन गरेको बापत ८६ लाख २२ हजार पाँच सय रुपियाँ राजस्व असुली भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ बाराले चालु आर्थिक वर्षको साउन महिनादेखि कात्तिक मसान्तसम्म ११ हजार एक सय ३५ वटा विभिन्न साना ठुला सवारी साधनका चालकहरूलाई दण्ड जरिवाना गरेको हो । दण्ड जरिवाना हुनेमा सबै भन्दा बढी चार हजार ६ सय ८२ मोटरसाइकल, तीन हजार एक सय ४४ ट्रक, दुई हजार दुई सय ११ कार, जिप, भ्यान, ६२५ ट्र्याक्टर, दुई सय ८३ ट्याम्पो र एक सय ९० बस रहेका जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक रामकुमार महतोले जानकारी दिनुभयो । यसैगरी, सोही अवधिमा विभिन्न ४४१ वटा सवारीसाधन दुर्घटना हुँदा २९ जनाको मृत्यु भएको छ । त्यसमध्ये २१ जना पुरुष, ६ जना महिला र एक-एक जना बालबालिका छन् । ती दुर्घटनाबाट ४१ जना गम्भीर र पाँच सय १६ जना सामान्य घाइते भएका छन् । गत आर्थिक वर्ष ०७९/०८० मा विभिन्न ३९ हजार २३१ वटा सवारीसाधनले नियम उल्लङ्घन गरेको बापत तीन करोड दुई लाख २३ हजार पाँच सय रुपियाँ राजस्व असुली भएको कार्यालयका प्राविधिक प्रहरी हवल्दार राकेश सिंहले बताउनुभयो । यसैगरी, सोही अवधिमा विभिन्न एक हजार ३७३ वटा सवारीसाधन दुर्घटना हुँदा ९८ जनाको मृत्यु भएको थियो । त्यसमध्ये ६७ जना पुरुष, २२ जना महिला र नौ जना बालबालिका थिए । सोही घटनामा ११९ जना गम्भीर र एक हजार ४९१ जना सामान्य घाइते भएका थिए ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com